**Association of Political Science Students (APSS), GPO Box 5639, Gyaneshwore, Kathmandu, NEPAL**
**Tel: 0977 1 4434 715, Fax: 0977 1 4436 040, Email: Info@apssnepal.org**

# Students' Face to Face Program with National Leaders

## Concerns of Students to Mr. Parachanda, Chairman of CPN (Maoist)

१) सरकार तथा राजनीतिक संगठनमा भए गरेका नीति निर्माण तथा कृयाकलाप आम नेपाली जनताको दिन दैनिकका कृयाकलापमा प्रतिविम्वित हुनु पर्दछ त्यो नै सफल र असल राजनीति हो, यस उदेश्यको लागि यहाँले नेतृत्व गर्नु भएको ने.क.पा. माओवादीले के-कस्तो संयन्त्रको व्यवस्था गरेको छ र एक सामान्य नागरिकले यसको आफ्नो जीवनमा कसरी अनुभुति गर्न सक्छ ?

-सुशील भट्टराई, आंशिक प्राध्यापक ( पुल्चोक इन्जिनियरिङ क्याम्पस)

२) तपाईहरु लोकतन्त्रिक परिपाटि अनुसार चल्ने भन्नु हुन्छ तर गाँउ गाँउमा चुनावी अभियानमा लागेका अन्य दलका नेता तथा कार्यकर्ताहरुलाई गाँउ भित्र छिर्न नदिने यदि छिरेमा घर भित्र रहेको अवस्थामा घरमा आगो लगाउन समेत पछि पर्नुहुन्न के यो लोकतान्त्रिक चरित्र हो ? र गल्ती गर्ने कार्यकर्ताहरुलाई कारवाही स्वरुप पार्टी निकाला गरेको भन्नु हुन्छ यसो भए सवै कार्यकर्ताहरु सकिनु पर्ने होइन र ?

-रविन अधिकारी (सरस्वती क्याम्पस)

३) माओवादी सरकारमा पनि बस्ने र बाहिर विद्रोहको व्यवहार देखाउने राज्यको कानून भन्दा बाहिर गएर भातृ संगठनले कार्य गर्ने र आफुले भने अनुसार पद नपाएर एकल सत्ता कब्जा गर्ने, जन-विद्रोह गर्ने भनाई पटक-पटक मिडिया तथा माओवादी नेताबाट सुन्नमा आउछ, यस विषयमा प्रष्ट पारिदिनु होला ।

-उमेश राउत

४) स्व.वि.यू चुनाव हुनुभन्दा अगाडी चुनाव सार्ने प्रस्ताव माओवादीले गऱ्यो भन्ने आरोप छ र अव संविधानसभाको निर्वाचन संघारमै आइपुग्ने बेलामा पनि चुनाव सार्छ भन्ने मानस पटलमा छाप बसिसकेको छ, अध्यक्ष ज्यू संविधानसभाको निर्वाचन हुन्छ भनि जनतालाई कसरी विश्वस्त पार्नुहुन्छ ?

-पदम पराजुली, आर. आर. क्याम्पस

५) तपाईको पार्टीले स्व.वि.यू. निर्वाचनको वातावरण हुदा हुदै सातदलको बैठकमा प्रमुख एजेण्डा बनाई स्वावियू निर्वाचन रोक्नु पर्छ भनेर तपाईले किन अडान लिएको हो ? के तपाईको पार्टी जनमत देखि डराएको त होइन ?

-विक्की घिमेरे, पाटन संयुक्त क्याम्पस

६) तपाईको विद्यार्थी संगठन अखिल क्रान्तिकारी विद्यार्थी माझ लोकप्रीय छैन र स्व.वि.यु. निर्वाचन हार्छ, जसको असर संविधानसभामा पर्छ भन्ने अभिप्रायले स्व.वि.यु. निर्वाचन स्थगित गर्नुभएको साचो हो ?

–रमेश ज्ञवाली, नेपाल कमर्श क्याम्पस

७) स्व.वि.यू. चुनावका प्रयोजनका निम्ती माओवादी भातृ संगठन अखिल क्रान्तिकारीले विभिन्न क्याम्पसमा ठूलो संख्यामा कार्यकर्ता भर्ना गराएर गुण्डागर्दी शैलीमा स्व.वि.यू. कब्जा गर्ने रणनीति लिएको पाइयो र संविधानसभाको निर्वाचनमा पनि तपाईहरुको रणनीति यस्तै हुन सक्छ भन्ने धारणाको विकाश तपाइहरु आफैले गराउनु भयो तसर्थ जनता संविधानसभा प्रति सन्तुष्ट र निर्धक्क हुन सकिरहको छैन उनीहरुलाई कसरी विश्वास दिलाउनु हुन्छ यस्तो रणनीति छैन भनेर ?

-उत्तम पाठक, सरस्वती क्याम्पस

८) अन्तरिम संविधानबाट गणतन्त्र घोषणा भएको र संविधानसभाको पहिलो बैठकबाट अनुमोदन गर्ने भनिएको छ तर राजाले सार्वजनिक रुपमा सातदलको निर्णय अमान्य छ भनिरहेको अवस्थामा गणतन्त्र नेपालको सुनिश्चत कसरी गर्न सक्नु हुन्छ ?

-विज्ञान सुवेदि, आर. आर. क्याम्पस

९) दश वर्षे जनयूद्ध गरेर सत्ता कब्जा गर्न नसकी सहमतिको धारमा आएको परिप्रेक्ष्यमा तपाईले विभिन्न अन्तरवार्तामा संविधान सभाको चुनावमा आफ्नो विजय निश्चत हुन्छ यदि भएन भने जन विद्रोह गरेर भएपनि कब्जा गर्ने भनिराख्नु भएको छ के यो सम्भव छ ?

-सुरज बम, अमृत साइन्स क्याम्पस

१०) प्रजातान्त्रिक कु भन्नाले के बुझिन्छ ? प्रष्ट पारिदिन होला ।

-राम नारायण श्रेष्ठ, पुल्चोक इन्जिनियरिङ क्याम्पस

११) मेलम्ची खानेपानी तपाईहरुको जिम्मामा छ, त्यो कहिले आउछ ? र तपाईहरुकै मन्त्रालय भित्र रहेको नेपाल टेलिकमको शेयर टेलिकमकै कर्मचारीलाई प्रति शेयर रु ९० र उही शेयर सर्वसाधरणको लागि बडाबड बाट न्यूनतम् रु ६०० छ, यो पूजीपतीलाई हो की सर्वसाधरणलाई ? यदि सर्वसाधरणलाई हो भने यो दुई मुल्यमा किन यत्रो भिन्नता ?

-मलिला दाहाल

१२) वामपन्थिहरुको तालमेल कस्तो भइरहेको छ ? यस्को मुख्य उदेश्य के हो ? तराईको समस्या प्रति तपाईहरुको कस्तो नीति छ ?

-तुलसा आर्चाय

१३) YCL गठनको उदेश्य के हो ? यसले के गरिरहेको छ ? देशका निम्ती के कस्तो योगदान दिन सक्छ ?

-धुर्व पौडेल

१४) एकैपटक एउटा व्यक्ति कसरी जंग बहादुर, बुद्ध र राष्ट्रपति भएर रहन सक्छ ?

-विवेक सुवेदि, त्रि-चन्द्र क्याम्पस

१५) बुद्ध र जगंबहादुरको खाचो छ भन्ने गर्नुहुन्छ के तपाईमा त्यो गुण छ जस्तो लाग्छ ?

-त्रिलोचन संग्रोला, शंकरदेव क्याम्पस

१६) संविधानसभाको प्रचारमा राष्ट्रपतिको घोषणा गर्दा सर्वसाधारणमा कस्तो असर गर्ला ? के संविधानसभा राष्ट्रपति बनाउनलाई हो ? संविधानसभा पछि गणतन्त्र आउला अनि राष्ट्रपति बन्न सक्ला तर यस घडिमा नयाँ व्यवस्थालाई ध्यान दिने की राष्ट्रपतिलाई महत्व दिने ?

-नविन खड्का, ताहाचल क्याम्पस

१७) कमरेड तपाई शुरुमा सालिन, सभ्य, उदारवादी र साच्चै नेपालको खाँका कोर्न सक्ने नेताको रुपमा प्रस्तुत हुनु भयो, आज समय वित्दै जाँदा तपाईको पार्टी र तपाई जस्तो "म" वादी र निरंकुशता जर्वजस्ती लाद्न खोज्ने कोहि छैन जस्तो देखिन थालेको छ, यसको प्रत्यक्ष उदाहरण तपाई आफैलाई आफैले पहिलो राष्ट्रपति दावी गर्नुले पनि प्रष्ठ देखाउछ, के यहि हो तपाईको नयाँ नेपालको प्रारम्भिक अभ्यास ?

-भगवान अधिकारी, नेपाल ल क्याम्पस

१८) जनताको फैसला देखि डराएर देशको जनयूद्धलाई आधार मानी आफुलाई राष्ट्रपति घोषणा गर्ने र सत्ता कब्जा गर्छौं भन्ने आडम्बरीपना देखाउने, भाषणमा महान नेपाली जनता भनेर कुन उग्र निरङकुसताको प्रयोग गर्न चाहानुहुन्छ ?

–इश्वर कटुवाल, नेपाल कमर्श क्याम्पस

१९) चुनाव गराउछु र नेपालको पहिलो राष्ट्रपति बन्छु भन्दै तपाई हिड्दै हुनुहुन्छ के Y C L को उदण्ड व्यवहारले बन्न देला ?

-विश्व प्रकाश खनाल

२०) कमरेड प्रचण्ड जी, यदि तपाई नेपालको राष्ट्रपति हुनुभयो भने तपाईको यस देशको भौगोलिकता, विभिन्न समुदाय, राज्य पुनरसंरचना र दिगो विकाशको लागि कस्तो कार्ययोजना बनाउनु हुन्छ र त्यसको कुनै नमुनाको उदाहरण बताई दिनु हुन्छ की ?

-गीता थापा, आर. आर. क्याम्पस

२१) “देशको प्रथम राष्ट्रपति कमरेड प्रचण्ड” भन्ने ने.क.पा. माओवादीको घोषणाले आम जनतामा प्रचण्डको पार्टी भित्रको अधिनायकवाद र तानाशाही प्रवृतिलाई झल्काउदैन भन्ने ठोस तर्कहरु के-के छन् ? र यो घोषणाको उदेश्य के हो ?

-पंकज घिमिरे, पुल्चोक इन्जिनियरिङ क्याम्पस

२२) जनताको रगत पसिना चुस्ने विभिन्न साहुमहाजन, उद्योगपति, व्यापारीहरुलाई तपाईहरु चन्दा असुलीबाट र घरजग्गा कब्जा गरेर कारवाहिको ढ्याङ्ग फुक्नु हुन्छ, के यस्तो कारवाहिले सामान्तवादको अन्त्य हुन्छ, ? साथै एउटै देशमा दुई सेनाको नाटक के हो ?

-शान्ति आर्चाय, आर. आर. क्याम्पस

२३) संविधानसभा निर्वाचन प्रति तपाईको पार्टीको धारणा के हो ? र तराईमा भइरहेको आन्दोलन  र सर्वसाधरणलाई तर्सित पार्ने  YCL को हैकमवाद बीच के भिन्नता पाउनु हुन्छ ? खुलस्त पारिदिनु होला ।

-रमेश निधि, पुल्चोक इन्जिनियरिङ क्याम्पस

२४) जनजाति र अन्य जातजाति बीचमा अहिले देखा परेको समस्याको समाधान संविधानसभा अगाडि की पछाडी हुने हो ? तपाईको पार्टीको हैसियतले भन्दा के भन्नु हुन्छ ?

-टान ब. थापा, पाटन संयुक्त क्याम्पस

२५) तपाई स्वयम् राष्ट्रवादीसँग सहकार्य गरेर संविधानसभाको निर्वाचनमा एकता गर्नु पर्छ भन्नु हुन्छ, त्यसको लगतै शाहि शासनकालमा परराष्ट्र मन्त्री समेत रशेका रमेशनाथ पाण्डे जस्ता दरवारियालाई

भेट्नुभयो अब तपाई राजतन्त्र सहितको कस्तो मोडेलको गणतन्त्र नेपाल स्थापना गर्न खोज्नु भएको हो ? यस्तो मोडेलको गणतन्त्र कुन देशमा स्थापना भएको छ ? प्रष्ट पारिदिनु हुन्छ कि ?

–कवि राज भट्ट, नेपाल कमर्श क्याम्पस

२६) तपाई कांग्रेस, एमाले र अन्य दलका नेताले राजा तथा राजावादीलाई भेट्दा तिनीहरुलाई राजावादी भन्नुहुन्छ तर तपाई आफै राजाका नजिगका मान्छेहरुलाई भेट्नु हुन्छ, के तपाई राजावादी त होइन ?

-शेर बलाएर, अमृत साइन्स क्याम्पस

-विश्व प्रकाश खनाल, वानेश्वर क्याम्पस

२७) सेना समायोजनको कुरा चलिरहेको छ, यसरी राजनीति असन्तुलन भएको राष्ट्रमा सेनामा पार्टीमा कार्यकर्ता राख्न उपयुक्त हुन्छ ?

२८) बन्दुकबाट नै सत्ता कब्जा गर्न सकिन्छ भन्ने कुरामा तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ? के १३ हजार नेपालीले अहिलेको जस्तो परिस्थिति निर्माण गर्न आफ्नो प्राण आहुँती दिएका होलान् ?

-नारायण पौडेल, पल्चोक क्याम्पस

२९) तराईमा धेरै खाले हिंसात्मक/अहिंसात्मक दल, गुट उपगुट छन् तिनीहरुलाई मुलधारमा ल्याउन तपाईको पार्टीको नीति तथा योजना के छ ?

३०) तपाईको विचारमा नयाँ नेपाल बनाउन नेताहरुको भूमिका कस्तो हुनु पर्दछ ?

३१) तपाईको पार्टी माओवादी हो कि ढुङ्गामुडावादी, खुकुरीवादी या बन्दुकवादी हो ? के फरक विचार भएकालाई चुनाव प्रचार-प्रसार गर्न नदिनु तपाईको आन्तरिक रणनीति नै हो, कि के हो ? के YCL चाहि विभिन्न नेता कार्यकर्ता तथा जनता लाई कुट्न बनाउनु भएको हो ?

-ओम गुरुङ्ग, आर. आर. क्याम्पस

३२) तराईको समस्याले संविधानसभामा कस्तो प्रभाव पार्छ ? के तराईको समस्याले संविधानसभामा जनताको निर्भय उपस्थितीको ग्यारेन्टि गर्न सक्छ ? सातदल र तराई बीचको दुरी र सम्बन्ध कस्तो छ ?

-रामचन्द्र पाण्डे, पुल्चोक इन्जिनियरिङ क्याम्पस

३३) माओवादीलाई सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने पार्टी भन्नुहुन्छ तपाई सो को प्रमुख व्यक्तिको नाताले आफ्नो छोराको विवाह प्रिन्स होटलमा गर्नुहुन्छ त्यसका निम्ती तपाई जहाज चढेर जानुहुन्छ के यहि नै सर्वहारा वर्गको रहन-सहन र रितीरिवाज ?

३४) तपाईहरुले राजदुत नियुक्तीमा भागबन्डा नमिल्दा देश ठप्प पार्नुहुन्छ, तर १३ वर्षे जनयुद्धकालमा मृत्यु भएका परिवारलाई राहत प्रदान गर्न किन तपाई देश ठप्प गर्नुहुन्न ?

३५) तपाईको पार्टीका कार्यकर्ताले कुनै बेला नागरिक, पत्रकार, शिक्षकले साधरण गल्ती गर्दा सफाया दिने गर्नुहुन्थ्यो, खै तपाईले भने अनुसारको माडी घट्नाका दोषीलाई १ महिना भित्रमा कारवाहि गरी सर्वसाधरणको सामु उभ्याएको ?

३६) संघियताको वारेमा तपाईहरुको धारणा प्रष्ट पारिदिनु होला ?

-सविन जि. एम.

३७) संविधानसभाको चुनाव गर्नुमा वाधा पुऱ्याउने तत्वहरु के-के हुन् र संविधानसभाको चुनावमा विद्यार्थीहरुको भूमिका कस्तो देख्नुभएको छ ?

-दिपेश

३८) नयाँ नेपाल भनेको के हो र कस्तो रहनेछ ?

-प्रविन बन्जरा

३९) नयाँ नेपाल नयाँ नेपाल भन्नुहुन्छ नयाँ नेपालमा प्राविधिकहरुलाई कसरी परिचालन गर्ने योजनामा हुनुहुन्छ ? र लोडसेटिङ्गले आर्थिक, राजनैतिक र सामाजिकरुपमा पनि दुरगामी असर पार्छ अत देश अहिले संविधानसभामा जानलागेको पस्थितिमा यस्तो आधारभूत कुरामा नै समस्या हुनुलाई तपाईको पार्टीले कसरी लिनुहुन्छ र यस्को समाधानको लागि तत्कालिन तथा दिर्घकालिनरुपमा के-कस्तो कार्यक्रम सोच्नु भएको छ ?

-जयराम सेडाई, पुल्चोक इन्जिनियरिङ क्याम्पस

४०) विद्युत प्रधिकरणले निकालेको २०६९ सम्मको १७ घण्टाको लोडसेटिङ्गले के नयाँ नेपालको निर्माण गर्नमा मद्दत गर्छ ? के हामीले सोचेको नयाँ नेपाल यहि हो ?

-सुरेन्द्र सुवेदि, यूनिभर्सल क्याम्पस

४१) माओवादीका जती सेना थिए, केहिको प्रमाणीकरण त भयो तर बाँकी रहेकोले जीविकोपार्जनको जिम्मेवारी कसले लिने ? र माओवादी सेना समायोजन नभएमा के संविधानसभाको चुनावमा जानु हुन्छ ?

-बिनय सापकोटा, पुल्चोक क्याम्पस

४२) माओवादीको केन्द्रिय तहको निर्देशन YCL ले व्यवहारमा लागु गरेको देखिदैन, के YCL र पार्टीको बीचमा त्यस्तो भिन्नता छ जस्तो लाग्यो, के यो सत्य हो ?

-राजेन्द्र बस्नेत, आर. आर. क्याम्पस

४३) क्याम्पमा रहेका माओवादी कार्यकर्ताहरुको भविष्य प्रति कत्तिको चिन्तित हुनुहुन्छ ? वा उनीहरुलाई भविष्यमा के काम दिने हो ?

४४) तपाईको पार्टीले देशको अर्थतन्त्र माथी उठाउन के कार्यहरु गर्दछ ?

४५) शैक्षिक क्षेत्रलाई कसरी हेरेको छ र कस्तो प्रकारको शैक्षिक प्रणाली हुनु पर्ने देख्नु हुन्छ ?

४६) माओवादी पार्टी सरकारमा आएको यत्रो समय हुदा पनि किन देश प्रति चिन्तित छैन वा देशलाई कुन दिशाा तिर लाने बारेमा रुमलिएको छ ?

४७) नेतालाई कसरी परिभाषित गर्न हुन्छ ? तपाई असल नेता हो वा होईन ? राजनैतिक नेताहरुबाट जनताको विश्वास गुमेको छ जस्तो लाग्दैन ?

मओवादी पार्टी सरकारमा बस्ने र बाहिर विद्रोहको व्यवहार देखाउने भातृ संगठन

**Rajendra Prasain**
President
Association of Political Science Students
Contact: 98510 85353